# बनेपा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्याः ०७९।०८०
चलानी नं.: २४६४

मितिः २०७९।११।२६

विषयः निर्णय प्रतिलिपि पठाइएको ।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
नगरपालिका व्यवस्था शाखा, सिंहदरबार, काठमाण्डौ ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, काभ्रेपलाञ्चोक ।
श्रीमान् प्रमुखज्यू/ श्रीमान् उपप्रमुखज्यू, बनेपा नगरपालिका ।
श्री वडाध्यक्षज्यूहरु (सबै), बनेपा नगरपालिका ।
श्री कार्यपालिका सदस्यज्यूहरु (सबै) बनेपा नगरपालिका ।
श्री वडा समितिको कार्यालय (सबै), बनेपा नगरपालिका ।
बनेपा नगरपालिका ।
श्री ... ... .... ... ...शाखा
बनेपा नगर कार्यपालिकाको कार्यालय ।

उपर्युक्त सम्बन्धमा बनेपा नगरपालिका, नगर कार्यपालिकाको मिति २०७९ फागुन २१ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णय प्रतिलिपि यसै साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

कार्यार्थ

श्री सूचना प्रविधि अधिकृत
बनेपा नगरपालिका । – *वेभसाइटमा राखी सम्बन्धित शाखा तथा वडामा मेल समेत गर्ने ।*

शिवप्रसाद हुमेगाई
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्या : १६

बनेपा नगर कार्यपालिकाको देहायको विषयहरुमा छलफल गर्न आज मिति २०७९ फागुन २१ गते आइतबार बिहान ८:०० बजे नगर प्रमुख शान्तिरत्न शाक्यको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक निम्नानुसारका सदस्यहरुको उपस्थितिमा बसी विभिन्न निर्णयहरु गरियो ।

**-:: उपस्थिति ::-**

| क्र.सं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्तिरत्न शाक्य | उपस्थित |
| २ | उप प्रमुख | श्री विमला सापकोटा | उपस्थित |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | उपस्थित |
| ४ | सदस्य (वडा नं. २) | श्री रामप्रसाद घिमिरे | अनुपस्थित |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | उपस्थित |
| ६ | सदस्य (वडा नं. ४) | श्री श्यामसुन्दर श्रेष्ठ | उपस्थित |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | उपस्थित |
| ८ | सदस्य (वडा नं. ६) | श्री सचितानन्द के.सी. | अनुपस्थित |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | उपस्थित |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभलक्ष्मी मानन्धर | उपस्थित |
| ११ | सदस्य (वडा नं. ९) | श्री नृपेश वादे | उपस्थित |
| १२ | सदस्य (वडा नं. १०) | श्री चन्द्रवहादुर खड्का | उपस्थित |
| १३ | सदस्य (वडा नं. ११) | श्री शिवकुमार थापा | उपस्थित |
| १४ | सदस्य (वडा नं. १२) | श्री रामवहादुर कुँवर | उपस्थित |
| १५ | सदस्य (वडा नं. १३) | श्री रामलाल दुवाल | उपस्थित |
| १६ | सदस्य (वडा नं. १४) | श्री टुल्कु लामा | उपस्थित |
| १७ | सदस्य | श्री शुभद्रा बजगाँई | उपस्थित |
| १८ | सदस्य | श्री समिता थापा | उपस्थित |
| १९ | सदस्य | श्री ज्योति बोगटी | उपस्थित |
| २० | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | उपस्थित |
| २१ | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | उपस्थित |
| २२ | सदस्य | श्री बिक्रम भुजेल | उपस्थित |
| २३ | सदस्य | श्री कमला परियार | अनुपस्थित |
| २४ | सदस्य | श्री रबिन्द्र सुनार | उपस्थित |
| २५ | सचिव | श्री शिवप्रसाद हुमेगाई<br>प्रमुख प्रशासकीय अधिकृत | उपस्थित |

छलफलका विषयहरुः

१. योजना सम्बन्धमा

क)आगामी आ.व. का लागि बागमती प्रदेशमा पेश गर्नुपर्ने समपुरक तथा विशेष योजना छनौट गर्ने सम्बन्धमा

२. नगरपालिकाको पूर्व स्वीकृतिबेगर जग्गा प्लटिङ्ग नगर्नका लागि नगरपालिकाबाट प्रकाशन भएको सूचनाको व्यहोरा अनुमोदन गर्ने सम्बन्धमा,

३. विषयगत समितिहरुबाट सिफारिस भएका कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा,

४. शिक्षा सम्बन्धमा

क) स्थानीय तह स्तरीय स्यानिटरी प्याड वितरण तथा व्यवस्थापन समितिलाई पूर्णता दिने

ख) विद्यालयका लेखा कर्मचारीहरुको मासिक पारिश्रमिक निर्धारण

ग) मिति २०७९।११।१४ को नगर शिक्षा समितिले गरेको विस्थापित शिक्षक पूनरव्यवस्थापन गर्न भएको सिफारिस स्वीकृत गर्ने

घ) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट

५. प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनका लागि सूचिकृत बेरोजगार व्यक्तिहरुलाई काममा लगाउने सम्बन्धमा

६. डिपिआर सम्बन्धमा

७. काभ्रे उपत्यका खानेपानी व्यवस्थापन बोर्डमा खटिएका कर्मचारीहरुको पारिश्रमिक भुक्तानी सम्बन्धमा ।

८. बनेपा बसपार्क स्थित सपिङ कम्प्लेक्समा यातायात व्यवसायीलाई काउन्टर उपलब्ध गराउने बारे ।

९. विधायन समितिवाट सिफारिस भएका कार्यविधिहरु स्वीकृति सम्बन्धमा ।

१०. विविध ।

-::निर्णय::-

१. गत बैठकको निर्णय समीक्षा गरियो ।

२. बागमती सरकारबाट आगामी आ.व. २०८०।०८१ का लागि उपलब्ध हुने समपुरक तथा विशेष अनुदान प्रयोजनका लागि योजना छनौट गरी पठाउने सम्बन्धमा छलफल गर्दा हरेक वडाले पेश गरेका योजना मध्ये तपसिल बमोजिमका योजना स्वीकृत गरी पठाउने निर्णय गरियो ।

समपुरक अनुदान तर्फ

| प्राथमिकता क्र.सं | योजनाको नाम | वडा नं. | अनुमानित लागत रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | साहिटोलबाट बग्ने ढल र पिच कार्य | ९ | १,५५,००,०००। | |
| २ | ज्वालादेवी मार्ग स्तरोन्नती | १० | ४,९०,००,०००। | |
| ३ | अरनिको राजमार्ग देखि अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्रसम्मको सडक स्तरोन्नती | ११ | २७,००,००,०००। | |
| ४ | भैंसेपाटी पुरानो बंजार कालोपत्रे | १३ | १,००,००,०००। | |
| ५ | चण्डेश्वरी दोयबास सडक स्तरोन्नती | ५ र ३ | ३,००,००,०००। | |

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलान्चोक
बागमती प्रदेश, नेपाल

विशेष अनुदान तर्फ

| प्राथमिकता क्र.सं | योजनाको नाम | वडा नं. | अनुमानित लागत रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | पुण्यमाता नदी कटान नियन्त्रण | ६,७,८र १० | २,००,००,०००। | |
| २ | चण्डेश्वरी खोला कटान नियन्त्रण | ५,६ र ७ | २,००,००,०००। | |
| ३ | ढल तथा ढल प्रसोधन केन्द्र सञ्चालन | ५,६ र ८ | ५,००,००,०००। | |

३. बनेपा नगरपालिका क्षेत्रभित्र जग्गा विकास (प्लटिङ्ग) को कार्य अनुमती बेगर नगर्नका लागि यस नगरपालिकाबाट मिति २०७९।११।१५ मा प्रकाशित सार्वजनिक सूचनाको व्यहोरा अनुमोदन गरियो ।

४. बनेपा नगरपालिकाको चालु आ.व. २०७९।०८० का लागि आन्तरिक स्रोत तर्फ स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रही सम्बन्धित विषयगत समितिले सिफारिस गरेका तपसिल बमोजिमका कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

क) आर्थिक विकास समिति तर्फः

सिचाई : रु.१३,०००००।-

| क्र.स. | योजनाको नाम | वडा नं. | रकम | कैफियत |
|---|---|---|---|---|
| १. | सिक्रे पुच्छर कूलो स्तरेन्नती | २ | ४,०००००।- | |
| २. | बालागाउँ सिचाई योजना | १ | २,०००००।- | |
| ३. | धुलिखेल पागु बाँध निर्माण | ४ | ४,०००००।- | |
| ४. | घट्टेखोला सेतीकुलो निर्माण | २ | ३०००००।- | |

उद्योग व्यापार तथा व्यवसाय : रु.२४,९०,०००।-

| क्र.स. | योजनाको नाम | वडा नं. | रकम | कैफियत |
|---|---|---|---|---|
| १. | कृषि तथा उद्यम मेला आयोजना | | १२,०००००।- | |
| २. | उद्योग बाणिज्य संघको सहकार्यमा करदाता शिक्षा/ब्यवसाय दर्ता तथा प्रवर्द्धन कार्यक्रम | | २,९०,०००।- | |
| ३. | उद्यमशिलता क्षमता विकास कार्यक्रम (मागमा आएका प्रस्तावको मुल्याांकन गरि कार्यान्वयन गर्ने ) | | १०,०००००।- | |

भूमी व्यवस्था, सहकारी र वित्तीय व्यवस्था : रु.१२,०००००।-

| क्र.स. | योजनाको नाम | वडा नं. | रकम | कैफियत |
|---|---|---|---|---|
| १. | सहकारी प्रवद्धन नियमन ( कृषि, दुध उत्पादन) | | ४,०००००।- | |
| २. | सहकारी ब्यवस्थापन कार्यक्रम | | २,०००००।- | |

| क्र.स. | योजनाको नाम | वडा नं. | रकम | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| ३. | सहकारी अनुगमण कार्यक्रम | | १,०००००।- | |
| ४. | भूमी व्यवस्थापन कार्यक्रम | | ५,०००००।- | |

श्रम, रोजगारी र गरीबी निवारण : रु.२४,०००००।-

| क्र.स. | योजनाको नाम | वडा नं. | रकम | कैफियत |
|---|---|---|---|---|
| १. | नगर क्षेत्रभित्र कृषि तथा ब्यवसाय गणना | | ७,०००००।- | |
| २. | मागमा आधारित सिपमुलक तालिम | | ७,०००००।- | |
| ३. | विपन्न वर्गलाइ प्रविधी हस्तान्तरण | | ७,०००००।- | |
| ४. | गरिबी निवारणका लागि नर्सरी प्रवद्धन कार्यक्रम | | ३,०००००।- | |

ख) सामाजिक विकास तर्फः

| युवा खेलकुद तथा नवप्रवर्तन | | १४६००० |
|---|---|---|
| १ | मेयर कप फुटबल खेल संचालन अपुग रकम | ३००००० |
| २ | दुर्व्यसन न्यूनिकरण सचेतना बोर्ड निर्माण | १००००० |
| ३ | उपयुक्त स्थानमा कवर्डहल निर्माणमा संम्भाव्यता अध्ययन | २००००० |
| ४ | उपमेयरसंग युवा कार्यक्रम अन्तरवडा महिला भलिवल खेल संचालन | ३००००० |
| ५ | विभिन्न खेलकुद प्रतियोगिताहरुमा खेलाडी सहभागीता खर्च | ५००००० |
| ६ | नगर स्तरिय खेलकुद विकास समिति गठन आवश्यक व्यवस्थापन | ६०००० |
| | जम्मा | १४६०००० |

| खानेपानी तथा सरसफाई तर्फ | | |
|---|---|---|
| १ | चण्डेश्वरी खानेपानी व्यवस्थापन वडा नं. ५ | १०००००० |
| २ | देविस्थान दोभान खोला खानेपानी स्तरउन्नती | ४००००० |
| ३ | चुनाताल मुलडाँडा खानेपानी टंकी निर्माण मर्मत वडा नं.३ | ४००००० |
| ४ | मगरगाउ दलित बस्ती खानेपानी सुधार वडा नं. ९ | ३००००० |

| | | |
|---|---|---|
| ५ | हिले जलजले खानेपानी प्रणाली टंकी मर्मत वडा नं. ३ | ४००००० |
| ६ | जनागाल बृहत खानेपानी धारा वितरण प्रणाली विस्तार वडा नं.१० | ७००००० |
| ७ | गिनागाल खानेपानी टंकी निर्माण वडा नं.११ | ५९४००० |
| ८ | ओपी खानेपानी धारा वितरण वडा नं.५ | ५००००० |
| | **जम्मा** | ४२९४००० |

| सामाजिक सुरक्षा तथा पञ्जिकरण | | |
|---|---|---|
| १ | सवै वडाहरुमा VPN सफर्टवेयर संचालन प्रशिक्षण | १९६००० |
| २ | सवै सामुदायिक विद्यालयहरुमा सामाजिक सुरक्षा तथा पंजिकरण सम्वन्धी कानूनी व्यवस्था अभिमुखिकरण कार्यक्रम | ३२०००० |
| ३ | सवै वडाहरुमा सामाजिक सुरक्षा तथा पंजिकरण अनुगमन | १५०००० |
| ४ | सामाजिक तथा पंजिकरण लगायतका सूचना संप्रेशण विद्युतीय उपकरण खरिद | ३००००० |
| ५ | समाजिक सुरक्षा तथा पंजिकरण सम्बन्धी सन्देश मुलक व्यानर निर्माण तथा व्यवस्थापन | ३४००० |
| | **जम्मा** | १०००००० |

**ग) वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फः**

**वन तथा वातावरण रु १,४०,००,०००।**

| क्र.स. | योजनाको नाम | वडा नं. | रकम | कैफियत |
|---|---|---|---|---|
| १. | नदी नियन्त्रण कार्यक्रम (पुण्यमाता, चण्डेश्वरी, सानो खोला) | | ५५,००,०००।- | |
| २. | रिचार्ज पोखरी निर्माण | | ५,००,०००।- | |
| ३. | वृक्षारोपण | | २,००,०००।- | |
| ४. | ब्रम्हायणी पार्क निर्माण स्तरोन्नती | ४ | २०,००,०००।- | |
| ५. | नागी डाँडा पार्क निर्माण | ११ | १५,००,०००।- | |
| ६. | बाजे बजै पार्क निर्माण | ९ | ३०,००,०००।- | |

| क्र.स. | योजनाको नाम | वडा नं. | रकम | कैफियत |
|---|---|---|---|---|
| ७. | हिमालय मा.वि. पार्क निर्माण | ५ | ५,००,०००।- | |
| ८. | पुण्य चौर पार्क निर्माण | १ | ५,००,०००।- | |
| ९. | बन वातावरण पार्क साझेदारी | | ३,००,०००।- | |

वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन रु १,३८,७४,७९७।

| क्र.स. | योजनाको नाम | वडा नं. | रकम | कैफियत |
|---|---|---|---|---|
| १. | जैविक फोहोर व्यवस्थापन कम्पोष्टबीन खरिद (५० प्रतिशत लागत सहभागिता) | | २५,००,०००।- | |
| २. | साविक ढल प्रसोधन केन्द्र अध्ययन तथा सञ्चालन | | १०,००,०००।- | |
| ३. | बनेपा, धुलिखेल र पनौती न.पा. संयुक्त फोहोर व्यवस्थापन डिपिआर तयारी लागत सहभागिता | | ३,००,०००।- | |
| ४. | फोहोर व्यवस्थापन सहयोगी सामग्री खरिद | | २०,००,०००।- | |
| ५. | जैविक फोहोर व्यवस्थापन तालिम सञ्चालन | | १२,००,०००।- | |
| ६. | भूक्षय नियन्त्रण | | | |
| क. | लुले गैह्रो पैरो नियन्त्रण | ३ | ७,००,०००।- | |
| ख. | सपनेश्वर मा.वि. पहिरो नियन्त्रण | २ | ५,००,०००।- | |
| ग. | हिमालय मा.वि. पहिरो नियन्त्रण | ५ | ३,००,०००।- | |
| घ. | माझ गाउँ पहिरो नियन्त्रण | २/४ | ३,००,०००।- | |
| ङ. | काकाबारी पहिरो नियन्त्रण | १३ | ५,००,०००। | |
| च. | एभिएम स्कूल वडा कार्यालय मार्ग पहिरो नियन्त्रण | ११ | ५,००,०००। | |
| छ. | गोशाई स्थान मार्ग कार्की गाउँ पहिरो नियन्त्रण | ६ | ५,००,०००। | |
| ज. | लामागाउँ (कृषिमार्ग) पहिरो नियन्त्रण | ९ | ५,००,०००। | |
| झ. | ढगाल गणेश हिमालय मार्ग पहिरो नियन्त्रण | ५ | ३,३८,०००। | |

विपद् व्यवस्थापन रु. १३,००,०००।

| क्र.स. | योजनाको नाम | वडा नं. | रकम | कैफियत |
|---|---|---|---|---|
| १. | विपद् व्यवस्थापन कोष | | १३,००,०००।- | |

५. सहकारी संस्थाहरुको व्यवस्थापन र बचत फिर्ताका विषयमा धेरै निवेदनहरु पर्ने गरेको देखिएकाले बनेपा नगरपालिकाको नियमन क्षेत्राधिकार भित्र पर्ने सबै सहकारी संस्थाहरुको बनेपा नगरपालिका स्वयमले २०८० साल वैशाख महिना भित्रमा अनुगमन गरी प्रतिवेदन तयार गर्ने व्यवस्था मिलाउने । साथै जिल्ला सहकारी संघको मिति २०७९।११।१९ को पत्रमा उल्लेख भई आए बमोजिम सहकारी संस्थाहरुको अनुगमन गर्ने गठन हुने अनुगमन समितिमा यस कार्यालयको सहकारी शाखा प्रमुखलाई प्रतिनिधि तोक्ने निर्णय गरियो ।

६. सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम ठगन हुने स्थानीय तहस्तरीय सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समितिमा देहाय बमोजिमका सदस्य मनोनित गर्ने निर्णय गरियो ।

क) कार्यपालिकाका महिला सदस्यहरु मध्येबाट श्री शुभद्रा बजगाई, का.पा. सदस्य, बनेपा नगरपालिका,

ख) विद्यालय सम्पर्क व्यक्तिहरु मध्येबाटः

श्री रिता वादे, चण्डेश्वरी मा.वि. नाला

श्री जयन्ती मानन्धर, चैतन्य मा.वि. बनेपा

७. यस नगरपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा कार्यरत लेखा कर्मचारीहरुको यस वर्षका लागि माशिक पारिश्रमिक जम्मा रु. २०,५००। निर्धारण गर्ने निर्णय गरियो ।

८. बनेपा नगरपालिका नगर शिक्षा समितिको मिति २०७९ फागुन १४ गतेको बैठकबाट सिफारिस भए बमोजिम निम्न माध्यामिक तहको स्थायी शिक्षक पदस्थापनका क्रममा विस्थापित श्री देवीटार आ.वि. बनेपा ३ मा कार्यरत शिक्षक श्री शर्मिला खनाललाई श्री श्वेतबराह मा.वि. को रिक्त निमावि राहत कोटामा व्यवस्थापन गर्ने निर्णय गरियो ।

९. तपसिलमा उल्लेखित विद्यालयहरुको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष तोकिदिन भनि सम्बन्धित विद्यालयबाट अनुरोध भई आए बमोजिम देहाय बमोजिम अध्यक्ष तोक्ने निर्णय गरियो ।

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | अध्यक्षको नाम | कैफियत |
|---|---|---|---|---|
| १. | श्री चक्रज्योति माध्यामिक विद्यालय | बनेपा १३ | श्री हरिभक्त श्रेष्ठ | |
| २. | श्री जनज्योति माध्यामिक विद्यालय | बनेपा १० | श्री चन्द्रबहादुर खड्का | |

१०. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत चालु आ.व. २०७९।०८० का लागि सूचिकृत बेरोजगारहरु मध्ये कुनै एक वडामा सूचिकृत व्यक्तिलाई अर्को वडामा परिचालन गर्न आवश्यक भएमा सम्बन्धित कार्यविधिको अधिनमा रही परिचालनको व्यवस्था मिलाउने निर्णय गरियो ।

११. चालु आ.व. २०७९।०८० का लागि डिपिआर तयार गर्ने स्वीकृत बजेट अन्तर्गत हालसम्म स्वीकृत भएका डिपिआर सम्बन्धी कार्यको अनुमोदन गर्ने निर्णय गरियो ।

१२. काभ्रे उपत्यका खानेपानी व्यवस्थापन बोर्डमा यस कार्यालयका तर्फबाट काजमा खटाईएका तपसिल बमोजिमका स्थायी कर्मचारीहरुको काज फिर्ता गर्ने र काज फिर्ता हुनुभन्दा अगाडी निजहरुले पाउन बाँकी तलब भत्ता उल्लेखित बोर्डले निर्धारण गरे बमोजिम नै भुक्तानी दिने व्यवस्था मिलाउने निर्णय गरियो ।

| क्र.सं. | नाम थर | पद/तह | सेवा | कैफियत |
|---|---|---|---|---|
| १ | श्री शुरेश कुमार श्रेष्ठ | छैठौं तह/इन्जिनियर | प्राविधिक | |
| २ | श्री रामसुन्दर वादे | पाँचौ तह/सब इन्जिनियर | प्राविधि | |
| ३ | श्री रामहरि पराजुली | कार्यालय सहयोगी | प्रशासन | |
| ४ | श्री ज्ञानेन्द्र श्रेष्ठ | सुरक्षा गार्ड | प्रशासन | |

१३. काभ्रे उपत्यका खानेपानी व्यवस्थापन बोर्ड अन्तगरगत परामर्शदाताका लागि यस नगरपालिकाका तर्फबाट उपलब्ध गराउनु पर्ने रकमबाट कट्टी हुने गरी हाललाई रु. १०,००,०००। उपलब्ध गराउने निर्णय गरियो ।

१४. काभ्रे उपत्यका खानेपानी व्यवस्थापन बोर्ड अन्तरगतको खानीपानी प्रणालीलाई बनेपासम्म जोडी वितरणको प्रबन्ध मिलाउन आवश्यक भएकाले बनेपा नगरपालिकाका प्रमुख र उपप्रमुखबाट उक्त कार्यको व्यवस्थापन गर्ने अधिकार प्रदान गर्ने निर्णय गरियो ।

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

१५. यस नगरपालिका भित्र सञ्चालन हुने विकास निर्माण कार्यहरु उपभोक्ता समिति मार्फत सञ्चालन गर्दा उपभोक्ताहरुको अपनत्व बृद्धि हुने र समयमै काम सम्पन्न गर्न सहज समेत हुने भएकाले बढिमा रु. २० लाखसम्मको लागत स्टिमेट भएका सानातिना सडक पिचका योजना समेत उपभोक्ता समिति मार्फत सञ्चालन गर्नेगरी आवश्यक प्रबन्ध मिलाउने निर्णय गरियो ।

१६. यस नगरपालिकाको स्वामित्वमा रहेको बनेपा नगरपालिका वडा नं. ८ बसपार्क स्थित पुरानो सपिङ्ग कम्प्लेक्स दायाँवायाँ रहेका एक एक वटा र नयाँ सपिङ्ग कम्प्लेक्स मध्ये पूर्वतर्फको ब्लकको भूइतलाको पूर्वतर्फको शौचालय सँगैको एक र नयाँ सपिङ्ग कम्प्लेक्स मध्ये पश्चिम तर्फको ब्लकको भूइतलाको भऱ्याङ्ग सँगैको एक गरी जम्मा चार वटा सटर तपसिल बमोजिमका बसव्यवसायी संस्थाहरुले निशुल्क प्रयोग गर्ने गरी उपलब्ध गराउने निर्णय गरियो ।

क) काभ्रे बस यातायात प्रा.लि.

ख) काभ्रे पुण्यवती यातायात प्रा.लि.

ग) सिन्धु हेलम्बु यातायात प्रा.लि.

घ) गणेश हिमाल यातायात प्रा.लि.

ङ) पूर्व अरनिको यातायात प्रा.लि.

१७. यस नगरपालिकाको विधायन समितिबाट सिफारिस भए बमोजिम बनेपा नगरपालिकाको जग्गा विकास निर्देशिका, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

१८. ज़िल्ला समन्वय समिति काभ्रेपलाञ्चोकले आयोजना गरेको लैङ्गिक हिसा सम्बन्धी सचेतनामूलक कार्यक्रममा भएको खर्च लागत सहभागितका लागि माग भई आएको सम्बन्धमा छलफल गर्दा सो प्रयोजनका लागि युवा तथा खेलकुद शीर्षकबाट रु. ३ लाख उपलब्ध गराउने निर्णय गरियो ।

१९. बनेपा नगरपालिकाको बयालीसौं स्थापना दिवस २०७९ चैत्र १४ लाई भव्यताका साथ मनाउन देहाय बमोजिमको नगरपालिका स्थापना दिवस आयोजना मूल समारोह समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| नगर प्रमुख श्री शान्तिरत्न शाक्य, बनेपा नगरपालिका | -संयोजक |
| सदस्य उपप्रमुख श्री विमला सापकोटा, बनेपा नगरपालिका | -सदस्य |
| वडाध्यक्ष (सबै), बनेपा नगरपालिका | -सदस्य |
| कार्यपालिका सदस्य (सबै), बनेपा नगरपालिका | -सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत, बनेपा नगरपालिका | -सदस्य सचिव |

२०. अरनिको राजमार्ग सूर्यविनायक देखि धुलिखेल खण्ड स्तरोन्नतीका लागि निर्माण व्यवसायीसँग सम्झौता भई कार्यारम्भ भएको छ । यस क्रममा बनेपा नगरपालिका क्षेत्रभित्रका विभिन्न स्थानमा रहेका ढल प्रणाली तथा खानेपानी प्रणालीमा क्षति पुग्ने तथा समय समयमा अवरोध आउन सक्ने देखिएकाले उल्लेखित बमोजिमका समस्याको तत्काल सम्बोधन गर्न र आवश्यकता अनुसार मर्मत सम्भारको कार्य गर्नका लागि बनेपा नगरपालिकाका प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार दिने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत